नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## साइबर ब्यूरो
भोटाहिटी, काठमाडौं

आ.व.: (२०८३/०८४)
प्रेस विज्ञप्ति नं.: ०१

मिति: २०८३ साउन १७ गते।
ने.सं. ११४६

**Youtube मार्फत भ्रामक सूचना सम्प्रेषण गर्ने व्यक्ति पक्राउ।**

सामाजिक सञ्जालमा Friend's Followers बढाउने तथा आर्थिक उपार्जन गर्ने नियत राखी राज्यको विद्यमान परिवेशलाई प्रत्यक्ष असर पार्ने तवरबाट Youtube Channel: NEPALI KHABAR TV मार्फत भ्रामक सूचना प्रवाह गर्ने भिडियो समाग्री तयार पारी, अफवाह फैलाई जातीय तथा धार्मिक हिंसात्मक तथा ध्वंसात्मक गतिविधिहरूमा संलग्न व्यक्ति तथा समूहलाई थप उत्तेजित र आक्रमक बनाउने साथै, कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनि रोक लगाएका सामाग्रीहरू वा कसै प्रति घृणा वा द्वेष फैलाउने वा विभिन्न जात जाति र सम्प्रदायबीचको सुमधुर सम्बन्धलाई खलल पार्ने किसिमका सामग्रीहरू प्रकाशन, प्रदर्शन र प्रशारण गर्ने कार्यमा संलग्न उपर यस ब्यूरोबाट गरिएको सामाजिक सञ्जालको निग्रानी तथा प्राविधिक विश्लेषणबाट खुल्न आएको अर्घाखाँची जिल्ला, सन्धीखर्क नगरपालिका वडा नं. ९ वतन भई हाल रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. १३ बस्ने बर्ष ३९ को जनक भुसाललाई इलाका प्रहरी कार्यालय बुटवलको सहयोगमा मिति २०८३/०४/१६ गते बुटवलबाट पक्राउ गरी विद्युतीय कारोबार ऐन,२०६३ को कसुरमा सम्मानित काठमाडौ जिल्ला अदालतबाट दिन सात (७) म्याद थप भई अनुसन्धान कार्य भइरहेको।

.....................................
प्रहरी उपरीक्षक
(दिलीप कुमार गिरी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२

टेलिफोन नं. +९७७ - ०१ - ५३१९०४४, ९८५१२८६७७० वेबसाइट: https://cyberbureau.nepalpolice.gov.np/
इमेल: cyberbureau@nepalpolice.gov.np